# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, कार्तिक ६ गते २०६३ साल (संख्या २५

## भाग ४

### संसद सचिवालयको सूचना

प्रतिनिधि सभा घोषणा, २०६३ जारी भए पश्चात् सो घोषणाको मर्म तथा भावना कार्यान्वयन गर्ने सन्दर्भमा सांसदहरूले प्रयोग गर्ने संसदको प्रतिक चिन्ह समेत सोही अनुरुप हुनु वाञ्छनीय भएकोले प्रतिनिधि सभा, कार्य व्यवस्था परामर्श समितिले संसदको प्रतिक (लोगो) को डिजाईन, बनोट (हाल प्रयोगमा आईसकेको) र लगाउने तरिका देहायबमोजिम निर्धारण गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. संसदको प्रतिकको बनोटः– संसदको प्रतिकको मध्यभागमा नेपालको राष्ट्रिय मानचित्र झलकाउने नेपालको नक्सा, नक्साको बीच भागमा राष्ट्रको परिचान गराउने राष्ट्रिय झण्डा तथा देशको विकासमा आधा आधा जनसंख्या ओगटेको महिला र पुरुषहरूको प्रतिनिधित्व झलकाउने गरी बायाँतर्फ रातो चुरा लगाएको महिलाको हात र दायाँतर्फ पुरुषको हात तथा प्रतिकको घेरामा शान्तिको प्रतिक स्वरुप निलो रङ्गको प्रयोग गरिएको छ। संसदको प्रतिकमा रहेको नक्सामा सुन ३ (तीन) लाल, खाली भुईमा चाँदी १० (दश) ग्राम, नक्साको बीचमा रहेको दुवै हातमा ४४० (चार सय चालीस) मिलिग्राम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

बराबरको तामा प्रयोग भएको छ। नेपालको राष्ट्रिय झण्डाको रंग अनुसार राष्ट्रिय झण्डाको रंग रहेको छ भने प्रतिकको साईज २५ मिलिमिटर र मोटाई ३ मिलिमिटर रहेको छ।

२. संसदको प्रतिक लगाउनु पर्नेः– प्रतिनिधि सभा र राष्ट्रिय सभाको सदस्यहरूले औपचारिक उत्सव वा समारोह र सांसदको हैसियतले सम्पन्न गर्नुपर्ने कार्यमा उपस्थित हुँदा संसदको प्रतिक लगाउनु पर्नेछ।

३. संसदको प्रतिक लगाउन नहुनेः– सांसद नभएको वा संसदको सदस्यता समाप्त भएको व्यक्तिले प्रतिक लगाउनु हुँदैन।

आज्ञाले,
सूर्य किरण गुरुङ्ग
महासचिव

## महालेखा परीक्षकको कार्यालयको

### सूचना १

महालेखा परीक्षकले बढुवा समितिको सिफारिशमा महालेखा परीक्षकको विभागका कर्मचारीहरू सम्बन्धी नियमावली, २०५० बमोजिम लेखापरीक्षण सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका देहायका लेखापरीक्षण अधिकारीहरूलाई मिति २०६३।४।६ देखि जेष्ठता कायम हुने गरी सोही सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको निर्देशक पदमा बढुवा नियुक्ति गरी यस कार्यालयमा पदस्थापन गरिएको छः–

| क सं. | नाम र थर |
|---|---|
| १. | श्री नेत्रप्रसाद गौतम |
| २. | श्री सुवर्णप्रसाद ढकाल |
| ३. | श्री युद्धवीर बज्राचार्य |
| ४. | श्री विश्वनाथ शर्मा ढुङ्गाना |

### सूचना २

महालेखा परीक्षकले लोकसेवा आयोगको सिफारिशमा महालेखा परीक्षकको विभागका कर्मचारीहरू सम्बन्धी नियमावली, २०५० बमोजिम



२११

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लेखापरीक्षण सेवा, राजपत्रांकित तृतीय श्रेणीका लेखापरीक्षण अधिकारी श्री रामुप्रसाद डोटेललाई मिति २०६३।५।१६ देखि लागू हुने गरी सोही सेवाको राजपत्रांकित द्वितीय श्रेणीको निर्देशक पदमा बढुवा नियुक्ति गरी यस कार्यालयमा पदस्थापन गरिएको छ ।

आज्ञाले,
बच्चुराम दाहाल
उपमहालेखा परीक्षण

## नेपाल सरकार
## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

नेपाल सरकारले खण्ड ४५, अतिरिक्ताङ्क ३६ (ग), मिति २०५२।९।१७ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना बमोजिम गठित निर्यात प्रवर्द्धन समिति खारेजको गरेको छ ।

आज्ञाले,
भरतबहादुर थापा
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।